राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १७९ २०८२ माघ १८ गते आईतवार (1 Feb. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## निर्वाचन भयरहित हुनुपर्छ -उपराष्ट्रपति यादव



दैनिक समाचारदाता

काठमाडौं, १७ माघ । उपराष्ट्रपति रामसहायप्रसाद यादवले आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा प्रत्येक मतदाताले स्वतन्त्र, निष्पक्ष तथा भयरहित वातावरणमा मतदान गर्न पाउने सुनिश्चितता आवश्यक रहेको बताएका छन् ।

शनिबार सिंहदरबारमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उपराष्ट्रपति यादवले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा मतदाताको स्वतन्त्र र निष्पक्ष सहभागिता संघीय लोकतान्त्रिक गणतन्त्रको मूल आधार भएको उल्लेख गर्नुभयो ।

उहाँले यस्तो वातावरण निर्माणमा सञ्चारमाध्यमको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताउँदै निर्वाचनसम्बन्धी सही सूचना प्रवाह, मतदाताको सचेतना अभिवृद्धि तथा शान्तिपूर्ण वातावरण निर्माणमा सञ्चारमाध्यमले सक्रिय योगदान दिनुपर्ने धारणा व्यक्त गर्नुभयो । पत्रकारितालाई लोकतन्त्रको आधारस्तम्भका रूपमा स्थापित गर्दै समावेशिता, समान अवसर र सबै वर्ग तथा समुदायको आवाजलाई प्रतिनिधित्व गर्ने जिम्मेवारी दृढतापूर्वक निर्वाह गर्न उहाँले आग्रह गर्नुभयो । साथै सत्य, निष्पक्षता र जनमुखी दृष्टिकोणलाई आत्मसात गर्दै राष्ट्र निर्माणमा योगदान पुऱ्याउन सञ्चारकर्मीलाई आह्वान गर्नुभयो ।

उपराष्ट्रपति यादवले डिजिटल माध्यममार्फत जनतासमक्ष प्रभावकारी रूपमा पुग्नु आजको आवश्यकता भएको उल्लेख गर्दै राष्ट्रको आवाजलाई सशक्त बनाउनु सञ्चारमाध्यमको प्रमुख दायित्व रहेको बताउनुभयो ।

### ब्याहुत कलवारको सपथ ग्रहण सम्पन्न

## कलवार समुदायलाई राजनीतिक एकताको आह्वान

दैनिक समाचारदाता

जनकपुरधाम, १७ माघ । ब्याहुत सेवा समिति (कलवार कुट्टी) को नयाँ कार्य समितिको ‘सपथ ग्रहण तथा पद हस्तान्तरण’ कार्यक्रम जनकपुरधाममा भव्य रूपमा सम्पन्न भएको छ ।

समितिका अध्यक्ष श्याम प्रसाद साहको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि नेपाल कलवार कल्याण महासंघ, काठमाडौंका अध्यक्ष ई. रामचन्द्र साहले कलवार समुदायको राजनीतिक पहुँच कमजोर भएकै कारण राज्यको उच्च तहसम्म पुग्न नसकेको उल्लेख गर्नुभयो ।

“कलवार समुदाय केवल मत दिने समूहका रूपमा सीमित हुन हुँदैन, एकजुट भएर मतको सदुपयोग गर्दै राजनीतिक रूपमा अगाडि बढ्नुपर्छ,” उहाँले भन्नुभयो । एकतामै सबैभन्दा ठूलो शक्ति रहेको उल्लेख गर्दै



उहाँले सबै एकढिक्का भएर अघि बढे जातीय उत्थानसँगै राज्यका हरेक निकायमा पहुँच विस्तार गर्न सकिने बताउनुभयो । कार्यक्रममा निर्वाचन समितिका प्रमुख उमेश साहले नवनिर्वाचित पदाधिकारीलाई पद तथा गोपनीयताको सपथ गराउँदै इमान्दारिता, निष्ठा र निर्भिकता सार्वजनिक जीवनका अनिवार्य मूल्य भएको धारणा राख्नुभयो ।

“राज्यका सबै निकाय इमान्दार भए राज्य विकसित हुन्छ, र राज्य विकसित भए समाज स्वतः अघि बढ्छ,” उहाँले स्पष्ट गर्नुभयो ।साथै उहाँले नवनिर्वाचित पदाधिकारीहरूलाई प्रमाणपत्र वितरण गर्दै उनीहरूको भूमिका स्वजातीय विकासमा मात्र सीमित नराखी देशव्यापी पहुँच विस्तारतर्फ केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो । समाजमा स्थापित हुन आपसी सहयोग, सहकार्य र ईर्ष्या(द्वेष त्याग आवश्यक रहेको उहाँको भनाइ थियो ।

त्यसैगरी जनकपुरधाम उपमहानगरपालिकाका पूर्व मेयर लालकिशोर साहले सामाजिक उत्थानमा सामाजिक नेतृत्वको भूमिका निर्णायक हुने बताउनुभयो । निर्वाचन समितिको निष्पक्षताप्रति धन्यवाद व्यक्त गर्दै उहाँले भने, “मुलुकको निर्वाचन प्रणाली पनि यस्तै निष्पक्ष हुनुपर्छ । निर्वाचन नजिकिँदै गर्दा असल उम्मेदवार छनोट गर्नु हाम्रो सामूहिक दायित्व हो । यस समुदायबाट पनि राजनीतिक नेतृत्व अघि आउन आवश्यक छ ।”

कार्यक्रममा जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी, पूर्व अध्यक्ष निर्मल चौधरी, शिवशंकर साह हिरा, रमेश साह, ई प्रकाशचन्द्र साह, बस व्यवसायी संघका अध्यक्ष मनोज चौधरी लगायतले नवनिर्वाचित कार्य समितिलाई शुभकामना व्यक्त गरेका छन्।कार्यक्रमका अवसरमा कलवार समुदायको विकासमा योगदान पुऱ्याएका व्यक्तिहरूलाई सम्मान समेत गरिएको छ ।

## मधेशमा ड्रोन र सीसी क्यामराबाट मतदानस्थलको निगरानी

दैनिक समाचारदाता

महोत्तरी,१७ माघ । प्रतिनिधि सभा निर्वाचन स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गराउन मधेश प्रदेशमा कडा तथा भरपर्दो सुरक्षा व्यवस्था मिलाइएको दाबी गरिएको छ । प्रदेशभर तीन तहको सुरक्षा परिचालन गरिनुका साथै अतिसंवेदनशील मतदानस्थलमा ड्रोन र सीसी क्यामेरामार्फत निगरानीको व्यवस्था गरिएको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले जनाएको छ ।

यहाँका आठ जिल्लामा कुल दुई हजार १६० मतदानस्थल र चार हजार ४७१ मतदान केन्द्र रहेका छन् । तीमध्ये ५७ प्रतिशत अर्थात एक हजार २३७ मतदान केन्द्र अतिसंवेदनशील सूचीमा परेको प्रदेश प्रहरीले जनाएको छ ।

प्रदेश प्रहरी प्रमुख नायब महानिरीक्षक (डिआइजी) गोविन्द थपलियाका अनुसार मतदाताको चाप, निर्वाचन क्षेत्रको सामाजिक-सांस्कृतिक परिवेश, विगतका घटनाक्रम, भौगोलिक अवस्था, स्थानीय मनोभावना तथा राजनीतिक गतिविधिलगायतका आधारमा मतदानस्थलको वर्गीकरण गरिएको हो ।

उहाँका अनुसार मधेश प्रदेशका आठ जिल्लामा एक हजार २३७ मतदान स्थल र दुई हजार ६१३ मतदान केन्द्र अतिसंवेदनशील, ७६३ मतदान स्थल र एक हजार ५५४ मतदान केन्द्र संवेदनशील तथा १६० मतदान स्थल र ३०४ मतदान केन्द्रलाई सामान्य श्रेणीमा वर्गीकरण गरी सोहीअनुसार सुरक्षा परिचालन गरिएको छ ।

खुला सीमा र विगतका घटनाक्रमका कारण मधेश प्रदेशमा निर्वाचन व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको सुरक्षा निकायको ठम्याइ छ । करिब ४६४ किलोमिटर लामो खुला सीमाका कारण अवैध प्रवेश, दोहोरो मतदाता बन्ने प्रयास तथा अन्य अवाञ्छित गतिविधिले निर्वाचन सुरक्षालाई संवेदनशील बनाउने गरेको सुरक्षा निकायको बुझाइ छ ।

यस्ता चुनौतीलाई मध्यनजर गर्दै संवेदनशील मतदान स्थलमा सुरक्षा सक्रियता थप सुदृढ बनाइएको डिआइजी थपलियाले जानकारी दिनुभयो । उहाँका अनुसार १२ हजार ६०० नेपाल प्रहरी र २८ हजार २९५ निर्वाचन प्रहरी परिचालनको तयारी गरिएको छ । साथै सुरक्षा घेरामा सशस्त्र प्रहरी बल र नेपाली सेनाको समेत सक्रिय सहभागिताले सुरक्षा घेरालाई थप सुदृढ बनाएको छ ।

यसैबिच, बर्दीबासस्थित सशस्त्र प्रहरी बल नेपाल नं २ छिन्नमस्ता वाहिनी मुख्यालयका डिआइजी कृष्ण ढकालले प्रतिनिधि सभा निर्वाचनका लागि प्रदेशका आठै जिल्लामा चार हजार ३३६ सशस्त्र प्रहरी र दुई हजार ८३२ निर्वाचन प्रहरी तयारी अवस्थामा राखिएको बताउनुभयो ।

सशस्त्रले निर्वाचनलाई लक्षित गर्दै मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय, निर्वाचन सुरक्षा बेस, मोबाइल टोली, स्ट्राइकिङ टोली र रिजर्भ फोर्समा जनशक्ति परिचालन गरेको छ ।


महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार भारतको बिहार राज्यअन्तर्गत सीतामढी र मधुवनी जिल्लासँग करिब ३९ किलोमिटर सीमा जोडिएको महोत्तरीका २५८ मतदानस्थलमध्ये ६३ प्रतिशत अर्थात १६३ स्थल अतिसंवेदनशील, ३४ प्रतिशत अर्थात ८९ स्थल संवेदनशील र मात्र २ प्रतिशत अर्थात ६ मतदानस्थल सामान्य श्रेणीमा रहेका छन् ।

प्रजिअ यादवले जिल्लाको आन्तरिक सुरक्षा व्यवस्था चुस्त रहेको दाबी गर्दै खुला सीमा मधेशको सामाजिक-सांस्कृतिक यथार्थ भए पनि निर्वाचनजस्ता लोकतान्त्रिक प्रक्रियामा यसको प्रभावकारी व्यवस्थापन आवश्यक रहेको उल्लेख गर्नुभयो ।

उहाँका अनुसार सीमा पारिबाट हुन सक्ने सुरक्षा चुनौतीबारे सीतामढी जिल्लाका समकक्षीसँग पुस २४ गते चन्द्रनिगाहापुरमा सुरक्षा बैठक सम्पन्न भइसकेको छ भने मधुवनी जिल्लासँग फागुन ९ गते जनकपुरमा सीमा सुरक्षा बैठक गर्ने तयारी भइरहेको छ ।

प्रजिअ यादवले भन्नुभयो “यसले निर्वाचन सुरक्षा व्यवस्थापनलाई अझ सशक्त र भरपर्दो बनाउने विश्वास लिइएको छ ।”


अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# सत्ताभन्दा भविष्यतर्फको बहस

नेपालको राजनीतिक इतिहास निरन्तर संघर्ष, आन्दोलन र परिवर्तनले भरिएको छ । तर ती परिवर्तनले कति हदसम्म जनताको जीवनमा सार्थक परिणाम दिए ? यही प्रश्न आज फेरि गम्भीर रूपमा उठ्न थालेको छ । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रतिनिधि सभा निर्वाचनको अभियानका क्रममा उठाएको विषयले यही बहसलाई केन्द्रमा ल्याएको छ ।

अध्यक्ष यादवको आरोप छ–विगतका आन्दोलन र संघर्षबाट प्राप्त राजनीतिक परिवर्तनलाई 'संस्थागत गर्ने' नाममा राज्यसत्ताले व्यापक बेइमानी गऱ्यो । संविधान निर्माण भयो, संघीयता आयो, गणतन्त्र स्थापित भयो । तर ती सबै परिवर्तन जनताको अपेक्षा अनुरूप व्यवहारमा रूपान्तरित हुन सकेनन् । राजनीतिक अस्थिरता, कमजोर संघीय संरचना र पहिचानको प्रश्न अनुत्तरित रहनु यसकै प्रमाण हो ।

आजको संविधानले स्थायित्व दिन नसकेको, न्याय सुनिश्चित गर्न नसकेको र नयाँ पुस्ताको भविष्य सुरक्षित गर्न असफल भएको भन्ने यादवको भनाइ केवल एउटा दलको चुनावी नारा मात्र होइन । यो देशभर फैलिएको निराशा र असन्तुष्टिको अभिव्यक्ति हो । रोजगारीको अभाव, अवसरको असमान वितरण र राजनीतिक अनिश्चितताका कारण युवा पुस्ता देशभित्रै भविष्य देख्न नसक्ने अवस्थामा पुगेको छ । परिणामस्वरूप, युवाको ठूलो हिस्सा विदेश पलायन हुन बाध्य छ ।

यस सन्दर्भमा संविधान संशोधन वा पुनर्लेखनको बहस संवेदनशील भए पनि अपरिहार्य बन्दै गएको छ । संविधान कुनै स्थिर दस्तावेज होइन ; यो समय, आवश्यकता र जनचाहनाअनुसार परिमार्जन हुनुपर्ने सामाजिक सम्झौता हो । शासकीय स्वरूप, निर्वाचन प्रणाली र न्याय प्रणालीमा सुधार नगरी राष्ट्रिय समस्याको समाधान सम्भव छैन भन्ने तर्कलाई सहजै उपेक्षा गर्न सकिँदैन ।

अध्यक्ष यादवले उच्चस्तरीय आयोग (२०६८) को प्रतिवेदनअनुसार पहिचानसहितको १० प्रदेशीय संरचनाको पक्षमा अडान लिइरहनु मधेश मात्र होइन, देशभरका पहिचान, समावेशिता र समानताको मुद्दासँग गाँसिएको विषय हो । संघीयतालाई कागजमा सीमित राखेर होइन, व्यवहारमा लागू नगरेसम्म यसको औचित्य स्थापित हुँदैन ।

अबको परिवर्तन सत्ताका लागि होइन, नयाँ पुस्ताको सुरक्षित र उज्ज्वल भविष्यका लागि हुनुपर्छ भन्ने सन्देशले सम्पूर्ण राजनीतिक दललाई आत्मसमीक्षाको बाटोमा लैजानुपर्ने हो । प्रश्न यही हो–के आगामी निर्वाचनले साँच्चै भविष्य केन्द्रित राजनीति जन्माउनेछ ? कि फेरि सत्ता स्वार्थकै चक्रमा परिवर्तनका नाराहरू हराउनेछन् ? यसको उत्तर मतदाताको विवेक र राजनीतिक दलहरूको जिम्मेवारीमा निर्भर छ ।

# कमजोर समयले छानेका कमजोर नेताहरू



कञ्चन कुमार बस्नेत

एन्टोनियो ग्राम्सीले सन् १९३० को आसपास 'प्रिजन नोटबुक्स' मा लेखेका थिए, 'सङ्कटको सार नै यही हो कि पुरानो मरिरहेको छ र नयाँले जन्म लिन सकिरहेको छैन; यस सङ्क्रमणकालीन अवस्थामा धेरै किसिमका विकृत लक्षणहरू देखा पर्छन्।' यही उद्धरणलाई अप्रत्यक्ष रूपमा पुष्टि गर्ने अर्को लोकप्रिय भनाइ पनि छ, 'कठिन समयले बलिया मानिसहरू जन्माउँछन्। बलिया मानिसहरूले राम्रो समय ल्याउँछन्। राम्रो समयले कमजोर मानिसहरू जन्माउँछन्। अनि, कमजोर मानिसहरूले फेरि कठिन समय निम्त्याउँछन्।'

प्राचीन रोममा एउटा राजाको मृत्यु र अर्को राजाको राज्याभिषेक बीचको त्यस्तो अवधि थियो, जहाँ सामान्य कानुनहरू लागू हुँदैनथे। ग्राम्सीले उल्लेख गरेको सङ्क्रमणकाल पक्कै पनि त्यस्तै हुनुपर्छ।

अहिलेको परिप्रेक्ष्यमा नेपाल पनि त्यही सङ्क्रमणकालीन अवधिमा बाँचिरहेको छ। पुराना राजनीतिक शक्तिहरूप्रतिको रोष र क्रोध सडकमा उम्लिएर संसद्रुसम्म पुगेका छन्। भित्रभित्रै सल्किरहेको आक्रोशले पुरानो सत्ता ढाल्न त जान्दछ, तर समय अनुकूलको राजनीतिक आकार भने नलिन सक्छ। त्यतिबेला मूर्त स्थापना नभएको आक्रोशले देशलाई यस्तो चक्रव्यूहमा धकेल्छ, जसबाट न पछाडि फर्किन सकिन्छ, न अगाडि सुखद भविष्यको धिपधिपे उज्यालो नै देख्न सकिन्छ।

ग्राम्सीले उल्लेख गरेको 'विकृत लक्षण' लाई प्रचलित रूपमा 'दानवहरूको समय' भनिन्छ। तर उपभोगको लिप्सामा अड्किएको समाजले ती दानवहरूलाई नचिन्न सक्छ। हाम्रो समाजमा दानव भन्नेबित्तिकै कोही भीमकाय, अत्यन्त बलशाली र आफ्नो बलको दुरुपयोगमार्फत समाजमा विध्वंस मच्चाउने चरित्रका रूपमा बुझिन्छ। तर यथार्थ भने यी मान्यताभन्दा फरक हुन्छ। दानवहरू शारीरिक र मानसिक दुवै रूपमा दुर्बल हुन्छन्। तर आफ्नो अक्षमताका बाबजुद पनि तिनीहरूमा शक्ति-रसको आस्वादन गर्ने लोभ जीवितै रहन्छ। सन्त अगस्टिनले यसलाई 'प्रिभासियो बोनी' (असलपनको अभाव) भनेर नाम दिएका छन्। त्यसैले, यिनीहरू स्वस्थ र हरियो रूख कुहिँदै जानुलाई आफू फस्टाउने मलका रूपमा लिन्छन्; रूखलाई पुनः स्वस्थ बनाउनु यिनीहरूको प्राथमिकतामा पर्दैन।

तसर्थ, पङ्क्तिकारको आफ्नो मान्यता के छ भने यदि कुनै नेता जनतालाई स्वावलम्बी बनाउनुको सट्टा 'जनताको सेवा गर्छु' भनेर आश्वासन मात्र दिन्छ भने उक्त नेतामा गम्भीर खोट हुनुपर्छ। केवल मत प्राप्त गर्नका लागि निर्वाचनलाई चाडजस्तै तुल्याएर जनताको पैतालामा नर्कटझैँ निहुरिने नेता खोज्ने कि जनतामा स्वयम् र समाजको सेवक बन्ने प्रतिभा र आत्मविश्वास सञ्चार गरिदिने स्पष्ट नेता चयन गर्ने? यो आफैँमा महत्त्वपूर्ण उत्तरदायित्व हो।

पत्रकार जगदीश खरेलको एउटा भिडियो भाइरल भएको छ। त्यस भिडियोमा मृदुभाषी बनिटोपलेका खरेलका दुई भिन्न समयका दुई भिन्न विचार छन्। एकताका आफू अन्तरिम सरकारमा जानुको उद्देश्य केवल चुनावको माहोल सिर्जना गर्न सहायक हुनु मात्र रहेको बताउने खरेल अहिले भने स्वयम् चुनावमा उत्रिएका छन्। यसबीचको अत्यन्त छोटो समयावधिमा कुनै यस्तो राजनीतिक या सामाजिक अवस्था निर्माण भएको थिएन, जसले खरेलको दुईजिब्रे प्रवृत्तिलाई उद्धाटन गरिदियोस्। तर, निरन्तर सूचनाको नियन्त्रण आफ्नो हातमा बोक्ने बानी परेका र मन्त्री भएपछि सायद 'तेस्रो नेत्र' खुलेका खरेलको अन्तःकरणमा लुकेको शक्तिको तिर्खालाई चुनावको तामझामले राम्रैसँग उक्साएको अनुमान लगाउन सकिन्छ।

खरेल मात्र होइन, आफूलाई किताब बेच्दाबेच्दै शिक्षामन्त्रीको कुर्सीमा बसालिएको र राजनीतिमा आउने कुनै अभिलाषा नरहेको बताउने महावीर पुनले पनि पुनः संसद्रुको कुर्सीमा आँखा गाडेका छन्। कुनै समय शिक्षक राजनीतिमा होमिएका र लामो समयपश्चात् संयोगले जुराइदिएको मन्त्री पद पड्काएका पुन आफ्नो अधकल्चो शक्ति-तिर्सना मेट्न चुनावमा उठेका छन्। सामान्य आलोचना पनि खेप्न नसक्ने र मनमौजी स्वभावका पुनले चुनाव जितेको खण्डमा आफ्नै मनोगत पारामा शक्तिको प्रयोग गर्ने तथा समाज र समाजका घेराबाहिरका अनेक राजनीतिक प्रक्रियाहरू बुझ्न खासै चासो नदिने अर्को अनुमान पनि लगाउन सकिन्छ।

यस पङ्क्तिकारले 'जेन जेड' आन्दोलनकै समयमा एउटा लेख लेखेको थियो- 'विज्ञान, कला, शिक्षण आदि हरेक क्षेत्रको आ-आफ्नै शक्ति हुन्छ र शक्ति केवल राजनीतिमा मात्र हुन्छ भन्नु कागको पछाडि कान टिप्न दगुर्नु जस्तै हो।' यदि कोही मानिस विज्ञान, कला, शिक्षण, पत्रकारिता आदि विधालाई राजनीतिमा पदार्पण गर्ने साधनका रूपमा मात्र लिन्छ भने त्यस मानिसले दिएको योगदानमा सन्देह गर्नुपर्ने हुन्छ। आफ्नो क्षेत्र र प्रतिभाको अवमूल्यन गरेर राजनीतिक शक्ति कुरिरहने मानिसहरू भत्किँदै गरेको समाजका लक्षण हुन्।

प्रकाश सपुतको रास्वपा प्रवेशले उनको कलाकार परिचयको अवमानना त गरेको छ नै, रास्वपामा देखिएको सही उम्मेदवारको खडेरीलाई पनि उजागर गरेको छ। अझ राजनीतिक चेतना काँचो भएका मानिसहरूलाई ठाउँ दिइराख्दा समग्र राजनीतिक शक्तिको अपमान भइरहेको छ। टेलिभिजन प्रस्तोता रिमा विश्वकर्माको भाषण र उपस्थिति आफैँमा व्यङ्ग्यभन्दा बढी केही हुन सकेन।

रवि लामिछाने र बालेन शाहको उदय केवल 'राजनीतिक निषेध' बाट भएको हो भन्दा फरक नपर्ला। पुराना शक्तिका आलोचकहरू नै नयाँ शक्तिका कर्णधार हुन्छन् भनेर बुझ्नु आफ्नै मूर्खताको विज्ञापन गर्नु हो। अचाक्ली लोकप्रिय बनेका तर पत्रकार बन्न नसकेका रवि सायद आफ्नो यही मूर्खताको परिचय पाउन सकेका छैनन्।

लगभग १० वर्षदेखि काठमाडौँको धुलो-धुवाँ खाएर बसिरहेको यस पङ्क्तिकारलाई बालेनको कार्य फेसबुकमा मात्र सीमित भएको कुरा ठम्याउन कुनै गहिरो वैचारिक मन्थनको आवश्यकता पर्दैन। सौरभले जुराइदिएको नाम 'लुसिफर' केवल कुरा खोतल्नका लागि मात्र गरिएको होइन, यसमा सत्यता पनि निहित छ। लुसिफर बलियो र भयानक हुँदैन, लुसिफर त आफ्नो कमजोरीलाई नै शक्तिमा बदल्ने प्रपञ्चको अर्को नाम हो। सामान्य तरिकामा भन्नुपर्दा जेनजी आन्दोलनको आशय पुरानो र भ्रष्ट सरकारलाई नयाँ र सबल सरकारले प्रतिस्थापन गर्नु हो। तर यसको अर्थ यो निकालिनु हुँदैन कि हरेक पुरानाहरू त्याग्दै जानुपर्छ र नयाँहरूलाई बेरोकटोक स्वीकार्नुपर्छ। यसमा कुनै सन्देह नै छैन कि पुराना राजनीतिक दलहरूले हामीलाई रगतको आँसु रुवाएका थिए। तर अनुहार रन्किने गर्मीमा लामो उकालो हिँडेपछि अचानक चिसो पानीमा मुख गाड्नु हानिकारक हुन सक्छ। त्यसमाथि राजनीतिमा लागेका मानिसहरूसँग हाम्रो तिर्खालाई उनीहरूको जलाशयमा आश्रित तुल्याउने विद्याबाहेक अरू कमै विशिष्टता हुन्छ।

हुन सक्छ कि यी विविध आलोचनाहरूमाझ नयाँ राजनीतिक शक्तिहरूका असल उद्देश्य पनि होलान्। तर राजनीतिमा असल उद्देश्य भएर मात्र पुग्दैन, त्यसलाई पूर्ण बनाउन हामीमा परिपक्व चेतना र साहसिक हृदयको पनि आवश्यकता पर्छ।

राजनीति आवेगको मात्र खेल हुने भए बन्दुक मात्र बोक्न जान्ने क्रान्तिकारीहरूले हाम्रो देशको सामाजिक परिवर्तन गरिसक्थे। शास्त्र मात्र छिचोलेका तर लोक नबुझेका कम्युनिस्टहरूले यो विडम्बना आफ्नै अनुभवबाट बुझेका छन्।

अब राजनीतिमा पदार्पण गरेका यिनै नयाँ शक्तिहरूलाई के लाग्दो रहेछ भने उनीहरूले चाहे भने समाजमा परिवर्तन रातारात हुन्छ। विश्वका समृद्ध देशहरूले अपनाएको आर्थिक समृद्धिद्वारा नै देशको भविष्य निर्धारित हुन्छ। तर राजनीति कुनै व्यक्तिको इच्छा अनुसार होइन, संस्थाहरूको इच्छा अनुसार हुन्छ।

अनि तेस्रो विश्वको अर्थतन्त्र अन्य अर्थतन्त्रभन्दा अवश्य पृथक् हुनुपर्छ। बालेन र रविले चाहेको आर्थिक समृद्धिले मानिसहरूलाई केवल आर्थिक यन्त्रणामा परिवर्तन त गरिरहेको छैन, यसमा सन्देह गर्न आवश्यक छ। हाम्रा आफ्नै चाडपर्वहरूमा सहभागिता बिस्तारै हराउँदै जाँदा उक्त पर्वहरूको स्थान भने चुनावले लिँदै गरेको जस्तो देखिन्छ। भन्नलाई जनताको शासन भने पनि शासनबाट आफ्नो दूरी झन्झन् बढ्दै गरेको आभास जनताहरूलाई नभएको होइन। तर आफूभन्दा कहाँ हो कहाँ उपल्लो लाग्ने मानिसहरू आफ्नो घरदैलोमा हात जोड्दै आउँदा अचानक आफूमा अदम्य शक्तिको स्रोत रहेको अनुभव हुनु सामान्य मनोवैज्ञानिक प्रक्रिया नै हो। तर अनुभवले पाक्न बाँकी मानिसहरू यस मनोविज्ञानमा आफ्नो समाजले लामो समयदेखि चुकाउँदै आउनुपरेको मूल्यलाई भने विस्मृतिको गर्तमा ठेलीदिन्छन् र केवल आत्मरतिमा रमाउन थाल्छन्। आसन्न निर्वाचनमा महत्त्वपूर्ण हात रहेको नवपुस्ताले यी सूक्ष्म तर अति महत्त्वपूर्ण कुराहरूमा कतिको ध्यान पुऱ्याउन सक्ला? हेरिँदै छ, हेरिने छ पनि। चुनाव उठेका उम्मेदवारहरू देखेर संसद्रुको विरूपताको पूर्वाभास हुन्छ। चुनाव गराउनका लागि मात्र कार्यभार सम्हालेका मन्त्रीहरू आफैँ उम्मेदवार उठेर छेपारोसम्म लजाउने गरी रङ्ग फेरेको देख्न पाइयो । त्यो पनि रक्ताम्य जेनजी आन्दोलन लगत्तै । थालेपछि बाँकी उम्मेदवारहरूको के होला ! भनिन्छ- राजनीति तलबाट सुक्छ र माथिबाट कुहिन्छ। यदि माथिबाटै दुर्गन्ध सुरु भएपछि तलतल नसर्ला भन्न सकिँदैन। सङ्क्रमणकालीन अनिश्चितताले कुनै निर्णायक मन्तव्य दिन आँट नदिँदो रहेछ। कमजोर समयले कमजोरहरूलाई माथि उचालेर कठिन समयको आधार खडा नगरिदियोस् भनेर कामना गर्नुबाहेक अन्य तरिकाले यो लेख अन्त्य गर्न सकिएन ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# 'विश्वभरि फैलिन सक्छन्' गुप्ताङ्गमा आक्रमण गर्ने परजीवि

यो परजीवि छालाबाट शरीरभित्र पस्छ र रगतमा लुकेर बस्छ। त्यसपछि यसका अण्डा कलेजो, फोक्सो र गुप्ताङ्गमा गएर बस्छन्। वर्षौंसम्म पनि यो पत्ता नलाग्न सक्छ।



वैज्ञानिकहरूले प्रायः बेवास्ता गरिने परजीविसम्बन्धी 'स्नेल फिभर' को समस्या आगामी दिनमा नियन्त्रण गर्न झन् कठिन हुने गरी विकसित हुन सक्ने चेतावनी दिएका छन्।

बर्सेनि २५ करोड मानिसहरूले यो रोगको उपचार गराउँछन्। तीमध्ये धेरैजसो अफ्रिकामा बसोबास गर्छन् जहाँ उक्त परजीवी बोक्ने विशेष प्रकारका शङ्खेकिराहरू पाइन्छन्।

तर चीन, भेनेजुएला र इन्डोनेसिया लगायत विश्वका ७८ देशहरूमा उक्त परजीवीको सङ्क्रमण देखिएको छ।

अनुसन्धानले उक्त परजीवीमा आएको एउटा परिवर्तनलाई उजागर गरेपछि विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले यसलाई "विश्वव्यापी चिन्ताको विषय" भनेको छ। उक्त परिवर्तनले यो परजीवी अब नयाँनयाँ क्षेत्रहरूमा समेत फैलिन सक्ने सङ्केत गर्छ।

'वर्ल्ड नेग्लेक्टेड ट्रपिकल डिजिज डे' मनाउँदै गर्दा डब्ल्यूएचओले उक्त चेतावनी दिएको हो। यस दिवसको उद्देश्य भाइरस, ब्याक्टेरिया, परजीवी र फङ्गीका कारण लाग्ने त्यस्ता रोगहरूबारे ध्यानाकर्षण गर्नु हो जसले पिछडिएको क्षेत्रमा बसोबास गर्ने एक अर्बभन्दा बढी मानिसहरूलाई गम्भीर असर गरिरहेको छ।

***'स्नेल फिभर' के हो?***

मानिस वा जनावरहरू शङ्खेकिराले छाडेका लार्भा भएको पानीको सम्पर्कमा आउँदा 'स्नेल फिभर' हुन्छ। ती लार्भाहरूले निकाल्ने इन्जाइमले छालालाई गलाउँछ र ती शरीरभित्र पस्छन्।

त्यसपछि ती लार्भा वयस्क जुकामा विकसित भई रक्तनलीहरूमा बस्छन् र पोथीहरूले अण्डा पार्छन्। ती अण्डाहरू कहिलेकाहीँ दिसापिसाबमार्फत् बाहिर निस्कन्छन् भने कहिलेकाहीँ तन्तुहरूमा अड्किएर पनि बस्छन्।

ती अण्डाहरू विरुद्ध शरीरको प्रतिरक्षा प्रणालीले जनाउने प्रतिक्रियाले अन्ततः आसपासका स्वस्थ तन्तुहरूलाई नष्ट गर्छ जसले गर्दा अङ्गहरूमा क्षति पुग्न सक्छ।

यी अण्डाहरू मानिसको जननेन्द्रीय वरपर पनि अड्कन सक्छन् जसलाई युरोजेनिटल सिस्टोसोमियासिस भनिन्छ। यस रोगले पेट दुख्ने, क्यान्सर हुने र गम्भीर अवस्थामा मृत्युसमेत गराउन सक्छ।

परजीवीनिरोधक औषधिद्वारा 'स्नेल फिभर'लाई निको पार्न सकिन्छ। डब्ल्यूएचओले ससाना बालबालिका वा कृषि र माछापालनका क्षेत्रमा संलग्न कामदारजस्ता जोखिममा रहेका समूहहरूलाई केही वर्षसम्म निरन्तर उक्त औषधि खान भन्छ।

तर मलावी लिभरपुल वेलकम क्लिनिकल रिसर्च प्रोग्रामकी सहनिर्देशक प्राध्यापक जानलिस मुसेयलगायत वैज्ञानिकहरू भने परजीवीका नयाँ प्रकारहरू हाल प्रयोगमा रहेका उपचार विधिबाट पूर्ण रूपमा नियन्त्रण नहुन सक्ने बताउँछन्।

***परीक्षणले के देखायो?***

त्यसो भए स्थानीय स्तरमा फैलिइराखेको प्रकोपको कारण के हो?

अनुसन्धानले देखाएअनुसार परजीवीका मानव र पशु संस्करणबीच प्रजनन भइरहेको छ र त्यसले नयाँ "हाइब्रिड" संस्करणहरू जन्माइरहेको छ।

यी हाइब्रिडहरूले मानिस र जनावर दुवैलाई सङ्क्रमित गर्न सक्छन्। त्यसले गर्दा यसलाई नियन्त्रण गर्न कठिन बनाएको छ।

वैज्ञानिकहरूलाई पशु र मानव शरीरमा भएका परजीवीका विभिन्न प्रकारहरूबीच प्रजनन भइरहेको पहिले नै थाहा नभएको होइन। तर हाइब्रिड अण्डाहरू सफलतापूर्वक विकास हुने र मूल बाहक शरीर बाहिर जीवित रहने कुरामा उनीहरू पक्का थिएनन्।

त्यसलाई पुष्टि गर्न उनीहरूले मलावीका केही समुदायका मानिस र जनावरहरूबाट नमुना सङ्कलन गरे। परीक्षण गरिएका परजीवीहरूमध्ये ७% "म्युटेन्ट हाइब्रिड" वा उत्परिवर्तित भएकाहरू भएको पाइयो। त्यो उनीहरूले सोचेभन्दा धेरै थियो।

यसको अर्थ ती म्युटेन्ट परजीवीहरू सफलतापूर्वक बढिरहेका छन् र अन्ततः फैलिनेछन्।

"यसरी नै सङ्क्रमण फैलिरहने हो भने यो धेरै ठूलो सङ्ख्या हो," मुसेयले बीबीसीलाई बताइन्।

उनको टोलीले निश्चित क्षेत्रहरूमा मात्र परीक्षण गरेको हुनाले यो "बाहिर देखिएको थोरै अंश मात्र" हुन सक्ने उनी बताउँछिन्। परीक्षणका क्रममा यो सधैँ पत्ता नलाग्न सक्ने भएकाले पनि उनले यस्तो भनेकी हुन्।

भविष्यमा यी हाइब्रिडहरूले परजीवीको मौलिक संस्करणलाई नै विस्थापित गर्न सक्ने चेतावनी पनि मुसेयले दिएकी छन्।

उनका अनुसार शरीरमा यी हाइब्रिड परजीवी भएका बिरामीहरूको उपचार कसरी गर्ने भन्ने चिकित्सकहरूलाई अझै थाहा नभएकाले यो ठूलो समस्या बन्न सक्छ।

"यो हाम्रो तर्फबाट नीतिनिर्माताहरूका लागि 'जाग्नुहोस्... यो ठूलो समस्या बन्नुअगावै चाँडै केही गर्न सकिन्छ कि?' भन्ने चेतावनी हो।"

***गुप्ताङ्गमा असर***

अध्ययनले हाइब्रिड परजीवीहरूले मानिसको गुप्ताङ्गमा सङ्क्रमण गराइरहेको पनि खुलासा गरेको छ। तिनका अण्डा माइक्रोस्कोपमा सामान्य परजीवीका अण्डाझैँ नदेखिने भएकाले 'स्नेल फिभर'का बिरामीहरू पहिचान गर्न गाह्रो हुन्छ। स्वास्थ्यकर्मीहरूले झुक्किएर यसका लक्षणहरूलाई यौनजन्य सङ्क्रमण ठान्न सक्छन्।

उपचार नगरिएको खण्डमा 'युरोजेनिटल सिस्टोसोमियासिस'ले गुप्ताङ्गमा घाउ, बाँझोपन र एचआईभीको जोखिम बढाउन सक्छ। महिलाका लागि यसका स्वास्थ्यसम्बन्धी, सामाजिक र प्रजननसम्बन्धी परिणामहरू अझ खराब मानिन्छन्।

"कुनै महिलाले बच्चा पाउन सकिनन् भने... हाम्रो स्थानीय संस्कृतिमा बच्चा पाउनु धेरै महत्त्वपूर्ण कुरा हो, अन्यथा मानिसहरूले अनेकथरी भन्न थाल्छन्। यो वास्तवमै निकै खराब र दुःखद रोग हो," मुसेय भन्छिन्।

***दबावमा प्रगति***

वैज्ञानिकहरूले हाइब्रिड परजीवीहरूले यो रोगलाई नयाँ क्षेत्रहरूमा फैलाउन र स्थापित गर्न मद्दत पुर्‍याउन सक्ने बताएका छन्।

जलवायु परिवर्तन, यात्रा गर्नेहरू तथा बसाइँसराइले पनि 'स्नेल फिभर' फैलाउन सक्छन् र हाइब्रिड प्रकारहरूले यसको नियन्त्रणलाई थप कठिन बनाउँछन्। दक्षिण युरोपका केही भागहरूमा हाइब्रिड सङ्क्रमणका घटनाहरू यसअघि नै देखा परिसकेका छन्।

"यो विश्वव्यापी चिन्ताको विषय हो," डब्ल्यूएचओको सिस्टोसोमियासिस नियन्त्रण कार्यक्रमका प्रमुख डा आमदू गार्ब जिरमे भन्छन्। यसले रोग उन्मूलनका लक्ष्यहरूलाई प्रभावित गर्न सक्नेबारे उक्त अन्तर्राष्ट्रिय स्वास्थ्यसम्बन्धी निकाय चिन्तित छ।

"मानिसमा यो रोग नसरेका तर जनावरहरूमा यी परजीवि पाइएका देशहरू पनि छन् र त्यसले मानिसहरूलाई जोखिममा पार्न सक्छ," उनी भन्छन्।

डब्ल्यूएचओले यो नयाँ खतरालाई रोक्न आफ्नो रणनीति परिवर्तन गर्दैछ। उक्त निकायले यो वर्ष जनावरहरूमा उक्त रोग नियन्त्रण गर्नेबारे नयाँ निर्देशिका जारी गर्ने छ। उक्त हाइब्रिड परजीवीका बारेमा सचेत गराउन अन्तर्राष्ट्रिय स्तरको चेतावनी जारी भइसकेको छ।

ठूलो स्तरमा सञ्चालन गरिएका परजीविप्रतिरोधी औषधि कार्यक्रमहरूका कारण सन् २००६ देखि २०२४ को बीचमा 'स्नेल फिभर'का बिरामीहरूको सङ्ख्या ६०% ले घटेको थियो।

प्रगतिका लागि निरन्तर आर्थिक सहयोगको खाँचो पर्ने तर सन् २०१८ देखि २०२३ को बीचमा ४१% ले 'उपेक्षित ट्रपिकल रोग'सम्बन्धी सहायता घट्दा दबाव परेको डब्लुएचओको भनाइ छ।

मुसेयले उक्त रोगलाई रोक्न सकिन्छ भन्ने आशा मारिसकेकी छैनन्।

"हामी उन्मूलनको स्थितिमा पुग्न सक्छौँ तर यो एकजनाले गर्न सक्ने काम होइन," उनी भन्छिन्, "हाम्रा हिसाबले हामी सक्रिय छौँ। हामी हाम्रो सामु यस्तो समस्या छ, यसलाई अहिल्यै सम्हालौँ भन्दैछौँ।" बीबीसी/नेपाली

## शहीदको सम्मानमा ३४ जनाले दिए आँखादानको सहमति

दैनिक समाचारदाता

काठमाडौं, १७ माघ । शहीदको सम्मान र सम्झनामा ३४ जनाले मृत्युपश्चात आँखादान गर्ने सहमति दिएका छन् । शहीद दिवसको अवसरमा शुक्रबार विभिन्न संघसंस्थाहरूले आँखादान र रक्तदान गर्दै शहीदहरुप्रति सम्झना र सम्मान व्यक्त गरेका हुन् ।

लायन्स क्लब अफ काठमाडौं माछापोखरी, लायन्स



क्लब अफ काठमाडौं भिजन सर्कल र पर्वत कुश्मा समाज गरी तीनवटा संस्थाको संयुक्त आयोजनामा तिलगंगा आँखा अस्पतालमा १३५ जनाले रक्तदान गरेका आयोजकले जनाएको छ ।

त्यसैगरी, ३४ जनाले आफ्नो मृत्युपश्चात आँखा अस्पताललाई दान दिनेगरी तिलगंगा प्रतिष्ठानलाई सहमति दिएका छन् ।

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल थापाथली र तिलगंगा आँखा प्रतिष्ठानको प्राविधिक सहयोगमा आयोजित कार्यक्रममा सहभागीले मुलुकको परिवर्तन र मुक्तिका लागि शहीदहरूको बलिदानीको सम्मान तथा सम्झनास्वरुप गरिएको आँखादान र रक्तदानले नागरिक सेवामा सबैलाई समर्पित बन्न प्रेरणा दिएको बताए ।

जीवित छँदा नै मृत्युपछि आँखादान दिने स्वघोषणाले समाजमा अन्धकारमा बाँचिरहेका दृष्टिविहीनहरूले उज्यालो संसार पाउने तिलगंगा आँखा प्रतिष्ठानका मेन्टिनेन्स विज्ञ परशुराम बरालले बताए ।

## ६ महिनामा १२ अर्बको खाद्यान्न आयात



दैनिक समाचारदाता

वीरगञ्ज १७ माघ । वीरगञ्ज हुँदै चालु आर्थिक वर्षको छ महिनामा ११ अर्ब ५७ करोड मूल्यका १६ थरिका खाद्य पदार्थ आयात भएको छ ।

गत आर्थिक वर्षको छ महिनाको तुलनामा चालु आवको सो अवधिमा भने यो नाका हुँदै हुने खाद्य पदार्थको आयातमा २१ करोड मूल्यको गिरावट आएको छ । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले गत आवको छ महिनाको तुलनामा चालु आवको सोही समयमा खाद्य पदार्थको आयातमा सामान्य गिरावट आएको बताए । जबकि गत आवको छ महिनामा भने ११ अर्ब ७८ करोड मूल्य पर्ने १६ थरिका खाद्य पदार्थको आयात भएको थियो ।

चालु आवको छ महिनामा पाँच अर्ब ६८ करोड मूल्य पर्ने १५ करोड ४३ लाख किलोग्राम धान आयात भएको छ । जबकि गत आवको सोही अवधिमा भने छ अर्ब नौ करोड मूल्यको धान आयात भएको थियो । चालु आवको छ महिनामा तीन अर्ब ४१ करोड मूल्य पर्ने मकै आयात भएको छ । त्यस्तै चालु आवको छ महिनामा एक अर्ब ६१ करोड मूल्य पर्ने चामल र ३३ करोड मुल्य पर्ने माल्ट आयात भएको छ ।यस्तै २३ करोड ७३ लाख मूल्य पर्ने फापर, कोदो र अन्य खाद्यान्न आयात भएको छ ।राससबाट

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-

Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# अमेरिकाले २०२६ मा ६५ हजार मौसमी भिसा थप्ने

दैनिक समाचारदाता

काठमाडौं, १७ माघ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले सेप्टेम्बर ३० सम्मका लागि करिब ६५ हजार थप ‘एच-२बी’ मौसमी कामदार भिसा उपलब्ध गराउने भएको छ।

फेडरल रजिस्टरमा प्रकाशित सूचना अनुसार, अमेरिकी कामदारको अभावका कारण गम्भीर आर्थिक संकटको जोखिममा रहेका रोजगारदाताहरूलाई यी भिसा उपलब्ध गराइनेछ।

यो कदमले निर्माण, हस्पिटालिटी (होटल तथा सत्कार), ल्याण्डस्केपिङ र सीफुड प्रोसेसिङ जस्ता व्यवसायका लागि प्रत्येक वर्ष उपलब्ध हुने ६६ हजार भिसाको संख्यालाई झण्डै दोब्बर बनाउने समाचार संस्था रोयटर्सले जनाएको छ । यी क्षेत्रका अमेरिकी रोजगारदाताहरूलाई कामदार






पाउन गाह्रो भइरहेको कुरालाई यस निर्णयले स्वीकार गरेको छ।

रिपब्लिकन नेता ट्रम्पले सन् २०२५ मा ह्वाइट हाउस फर्किएलगत्तै अध्यागमन विरुद्ध व्यापक कारबाही सुरु गरेका थिए। उनले कानुनी हैसियत नभएका आप्रवासीहरूलाई अपराधी र समुदायका लागि बोझको रूपमा चित्रण गर्दै आएका छन्। उनको प्रशासनले व्यापक यात्रा प्रतिबन्ध तथा शरणार्थी र शरण सम्बन्धी मुद्दाहरूको पुनरावलोकन गर्दै कानुनी अध्यागमनका कतिपय स्वरूपहरूमा पनि कडाइ गरेको छ।

भिसाको संख्या पूर्व राष्ट्रपति जो बाइडेन र ट्रम्पको अघिल्लो कार्यकाल (२०१७-२०२१) मा पनि थप गरिएको थियो।

होटल लगायत मौसमी व्यवसायका रोजगारदाताहरूले थप भिसाका लागि माग गर्दै आएका थिए। ट्रम्पको आक्रामक अध्यागमन कारबाहीका कारण कतिपय निर्माण व्यवसायीहरूले कामदारको अभाव भएको गुनासो गरेका छन्।

अध्यागमनको संख्या घटाउनुपर्छ भन्ने समूहहरूले भने यी भिसाको विरोध गरेका छन्। उनीहरूका अनुसार, यो निर्णयले अमेरिकी कामदारहरूको पारिश्रमिक घटाउने काम गर्छ।

यसैबीच, ट्रम्पले ‘एच-वानबी’ कार्यक्रम मार्फत कामदार भित्र्याउन प्राविधिक कम्पनीहरूलाई कठिन बनाइदिएका छन्। उनले यसमा १ लाख डलर शुल्क थपिदिएका छन्, जसका कारण कानुनी चुनौती समेत सिर्जना भएको छ।

थप ‘एच-२बी’ भिसा उपलब्ध गराउने सम्बन्धी अस्थायी नियम मंगलबार फेडरल रजिस्टरमा औपचारिक रूपमा प्रकाशित हुने सूचनामा उल्लेख छ।

# संसद् पुनर्स्थापनाको मुद्दाबारे अविलम्व फैसला गर्न ओलीको माग



दैनिक समाचारदाता

काठमाडौँ १७ माघ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले संसद् पुनर्स्थापनाको मुद्दाबारे अविलम्व फैसला गर्न माग गरेका छन् ।

एमाले ओखलढुंगा काठमाडौँ सम्पर्क मञ्चले शनिबार काठमाडौँमा आयोजना गरेको चुनावी भेलालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले संवैधानिक सङ्कटमा देश फसेको बेलामा मौन बस्दा अदालतको औचित्यमाथि नै प्रश्न उठ्ने भन्दै संसद् पुनर्स्थापनाको मुद्दाबारे अविलम्व फैसला गर्न माग गरेका हुन् ।

आफूहरूले संसद् विघटन गरेर संविधान मिचिएको भनिरहेको अवस्थामा सर्वोच्च अदालत चुपचाप लागेर कानमा तेल हालेर बस्न नमिल्ने उनले बताए । संसद् पुनर्स्थापनाको मुद्दाबारे अदालतले जस्तो आदेश गरे पनि त्यसलाई स्वीकार गरिने उनले स्पष्ट पारे ।

त्यस्तै अध्यक्ष ओलीले सरकार तटस्थ रहेर भयरहित वातावरणमा, शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउनुपर्ने बताए । कसैलाई जिताउने वा हराउने खेलमा सरकार लागे त्यस्तो निर्वाचन र परिणाम स्वीकार्य नहुने उनको भनाइ थियो ।

सरकारले जे गर्दा पनि हुन्छ भन्ने सोच्यो भने त्यो देश र सरकारकै लागि पनि अनिष्ट हुने उनले चेतावनी दिए । फागुन २१ गते निर्वाचनको मिति तय गरिए पनि हिमाली भेगमा निर्वाचन गराउन कठिन रहेको उनले बताए । फरक प्रसंगमा अध्यक्ष ओलीले झापा-५ मा आफुसंग प्रतिष्पर्धा गर्ने भनेर लागेकाहरुसंग कुनै सङ्गठन, नीति कार्यक्रम, उद्देश्य केही नभएको तर्क गरे ।

आफ्ना प्रतिस्पर्धीलाई बतासे अन्डाको संज्ञा दिँदै ओलीले बतासे अन्डाबाट चल्ला ननिस्कने टिप्पणी गरे । ओलीले उनीहरूले नै आगजनी र तोडफोडलाई क्रान्ति भनेर महिमा मण्डन गरेको र पुराना दलहरूलाई विभिन्न आरोप लगाउने गरेको बताए । देश बनाउने शक्ति एमाले मात्रै रहेको र यसपटकको निर्वाचनमा जनताले आफूहरूलाई सफल बनाउने पनि उनले जिकिर गरे ।

# सुनको मूल्य बढ्नुका तीन र घट्नुको एउटा कारण

काठमाडौं १७ माघ । बढ्दो विश्वव्यापी राजनीतिक अनिश्चितताबीच लगानीकर्ताहरूले सुरक्षित लगानीका क्षेत्रमा सम्पत्ति जम्मा गर्दा हालै सुनको मूल्यले नयाँ रेकर्ड कायम गर्दै सर्वाधिक बिन्दुमा पुग्यो।

सोमवार एक आउन्स सुनको मूल्य पहिलो पटक ५,००० अमेरिकी डलर नाघ्यो। एक आउन्स सुनमा ३१.१०३५ ग्राम अर्थात् २.६६६७ तोला हुन्छ। त्यसभन्दा पनि बढेर सुनको मूल्य केही समय ५,५०० अमेरिकी डलर प्रति आउन्ससम्म पुग्यो। सुन मात्र नभई चाँदीको मूल्यमा पनि त्यस्तै वृद्धि देखियो।

तर अमेरिकामा राजनीतिक स्थिरताको सङ्केतसँगै ती सबै बहुमूल्य धातुको मूल्यमा व्यापक गिरावट आएको छ। यद्यपि गत वर्षको तुलनामा मूल्य अहिले पनि उच्च नै छ।

***ट्रम्पको अनिश्चितताले बदलेको लगानी***

अमेरिकासँग व्यापार गर्न चाहने तर अमेरिकाका लागि प्रतिकूल लागेका देशमाथि अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले गरेको कर वृद्धिका कारण विश्व व्यापारमा समस्या उत्पन्न भएको छ।

उनको व्यापार नीतिले लगानीकर्ताहरूलाई चिन्तित बनाइरहँदा सुनको मूल्य बढाउन मद्दत पुगेको हार्ग्रिभ्स ल्यान्सडाउनकी प्रमुख लगानी रणनीतिकार एम्मा वाल बताउँछिन्।

ज्यानुअरिमा सुन र चाँदीको मूल्यले नयाँ रेकर्ड बनायो। तर अमेरिकाले ग्रीनल्यान्ड लिने ट्रम्पको प्रस्तावको विरोध गरेका आठ वटा युरोपेली देशहरूलाई नयाँ ट्यारिफको धम्की दिएपछि लगानीकर्ताहरू झस्किँदा शेअर बजारको मूल्य घट्यो।

क्यापिटल इकोनोमिक्सका अर्थशास्त्री हमाद हुसेन ट्रम्प प्रशासनको अमेरिकी विदेश र वित्तीय नीतिले निम्त्याउने जोखिम भन्दा सुन सुरक्षित लगानी रहेको बुझाइले यो बहुमूल्य धातुले “ध्यान खिचेको“ बताउँछन्।

युद्ध र ग्रीनल्यान्डको धम्कीले बढेको अनिश्चितता

युक्रेन र गाजाका युद्धहरूले राजनीतिक अनिश्चितताको वातावरणमा थप बल पुर्‍याएका छन्। भेनेजुएलाका राष्ट्रपति निकोलास मदुरोलाई अमेरिकाले नियन्त्रणमा लिएको घटनाले पनि सुनको मूल्यलाई कीर्तिमानी स्तरमा पुर्‍यायो।

ग्रीनल्यान्ड लिने ट्रम्पको धम्कीहरूले विश्वव्यापी राजनीतिक तनाव बढायो र अर्कोतर्फ अमेरिकी डलरप्रतिको विश्वास ह्वात्तै घट्यो। जसका कारण लगानीकर्ताहरू सुरक्षित लगानीका रूपमा बहुमूल्य धातुहरूतर्फ आकर्षित भए।

गएको वसन्त ऋतुमा घोषणा गरिएको ट्रम्पको कथित “लिबरेसन डे“ अर्थात् मुक्ति दिवसको ट्यारिफ लगत्तैको समयमा उनको कार्यकालभरिकै सबैभन्दा ठूलो धक्का डलरले बेहोर्‍यो।

“जब विश्व अस्तव्यस्त महसुस हुन्छ, सुनले आफ्नो काम राम्रोसँग गर्छ। बढ्दो व्यापारिक तनाव, भू-राजनीतिक उथलपुथल र अमेरिकामा व्याप्त राजनीतिक अनिश्चितताका बीच सुनको मूल्य अकासिएको छ,“ वाल भन्छिन्।

“अमेरिका, क्यानडा र चीनबीचको नयाँ टकराव, युरोप र मध्यपूर्वको अशान्ति अनि वाशिङ्गटनमा सरकारी कामकाज ठप्प हुने जोखिमले समेत सुनप्रति आकर्षण बढाएको छ।“

विश्वका कैयौँ देशका केन्द्रीय ब्याङ्कहरूले गरिरहेको खरिद पनि सुनको मूल्य वृद्धिको एउटा कारक हो।

“लगानीकर्ता र विश्वभरिका केन्द्रीय ब्याङ्कहरूले....सुनलाई आफ्नो सञ्चिति मुद्राका रूपमा रोजेका दिएका छन्। यसले अमेरिकी नीतिमाथिको परनिर्भरताबाट जोगाउने विश्वास उनीहरूको छ,“ वाल भन्छिन्।

“युक्रेनको समर्थन गरेका विश्वका कतिपय शक्तिहरूले रुसले ती देशमा सम्पत्तिको रूपमा जम्मा गरेको अमेरिकी डलर जफत गरिदिने चेतावनी देखेका छन्। त्यसपछि पनि सुनलाई बढी आकर्षक र तटस्थ सञ्चितिका रूपमा हेर्न थालिएको छ,“ उनी थप्छिन्।

केन्द्रीय ब्याङ्कहरूले सन् २०२२मा भन्दा अहिले बढी नै सुन किनिरहेका भए पनि सन् २०२५ मा यसको वास्तविक माग केही घटेको सङ्केत गर्ने हुसेन बताउँछन्। केन्द्रीय ब्याङ्क बाहेक सुन



किनिरहेको देश चीन हो। यो देश सुनको सबैभन्दा ठूलो खरिदकर्ता पनि हो। चीनमा व्यक्तिगत गहनाका रूपमा र लगानीका हिसाबले दुवै तर्फबाट सुनको माग उच्च छ।

पश्चिमी देशका लगानीकर्ताहरू पनि सुनका ठूला खरिदकर्ता हुन्। सुन किन्ने कम्पनीको शेअरमा लगानी गर्ने र आफैँ सुन किन्ने दुवै किसिमका लगानीकर्ता पश्चिमा देशहरूमा छन्।

बजारमा नयाँ खरिदकर्ताहरूले भारी मात्रामा सुन खरिद गरिरहेको र त्यसले पनि पछिल्लो समय मूल्यमा नाटकीय वृद्धि भएको हुसेन बताउँछन्।

यसको एउटा उदाहरण ’टेथर’ हो। डिजिटल मुद्रा विशेषज्ञ कम्पनी टेथरले हालैमात्र व्यापक सुन खरिद गरेको छ। यसको सुन सञ्चिति केही साना देशहरूको भन्दा पनि बढी रहेको ठानिएको छ। त्यसो भए पछिल्ला दिनमा किन सुन र चाँदीको मूल्य घट्यो?

पछिल्ला दिनहरूमा सुनको मूल्यले कीर्तिमानी उचाइ कायम गर्नुको एउटा कारण ट्रम्पले अमेरिकी सङ्घीय रिजर्भ ब्याङ्कका अध्यक्ष नियुक्त गर्ने डर पनि थियो। ट्रम्पबाट नियुक्त भएर आउने ती अधिकारीले ब्याजदर घटाउने ट्रम्पको इच्छा पूरा गरिदिने अनुमान भएका थिए।

ब्याजदर घट्दा डलरको मूल्य कमजोर हुने र मुद्रास्फीति बढ्ने भएकाले त्यसबाट बच्नका लागि सुनमा लगानीलाई एउटा रणनीतिका रूपमा हेरिएको थियो।

राष्ट्रपति ट्रम्पले अरू सम्भावित उम्मेदवारको तुलनामा यो मामिलाका लागि ’सुरक्षित’ ठानिएका केभिन वार्शलाई मनोनित गर्ने विवरणहरू सार्वजनिक भएपछि सुन, चाँदी र प्लेटिनमको मूल्यमा गिरावट आयो। यद्यपि, जारी भू-राजनीतिक तनाव, ट्यारिफ, थप ट्यारिफ लगाउने ट्रम्पका चेतावनीहरू अनि विश्वभरि भइरहेका द्वन्द्वका कारण बहुमूल्य धातुको मूल्य अझै पनि गत वर्षको यसै समयको तुलनामा धेरै माथि छ।




‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४